मंगला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
(शिक्षा तथा खेलकुद शाखा)
बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं : २०७७/०७८ मिति: २०७७/ ११/१६
च.नं :

## शिक्षक काज सरुवा सम्बन्धी अत्यन्त जरुरी सूचना

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठीमी भक्तपुरको दरबन्दी मिलान सम्बन्धी बिभिन्न मितिमा भएको परिपत्र अनुसार शिक्षक दरबन्दी (मिलान तथा ब्यबस्थापन) कार्यबिधि २०७६ बमोजिम यस गाउँपालिकाको मिति २०७७।१०।२३ को निर्णयानुसार दरबन्दी मिलान तथा पुन वितरणका कार्य भै रहेको सन्दर्भमा पहिलो चरणमा शिक्षक दरबन्दी तथा राहत समेत नभएको निम्न माध्यमिक तथा माध्यमिक तह संचालित विद्यालयहरुमा प्राथमिक तहको दरबन्दी तथा राहतमा कार्यरत शिक्षकहरु मध्येबाट विषयगत आवस्यकता, शैक्षिक योग्यता र कार्यविधिले तोकेको मापदण्ड समेतका आधारमा काजमा खटाई पठाउनु पर्ने भएकोले शिक्षक थपहुने विद्यालयमा जान चाहने पुल कायम रहेको विद्यालयको शिक्षकले हाल कार्यरत विद्यालबाट सहमति लिई सो समेत संलग्न राखी यस कार्यालयमा ७ दिन भित्र निबेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

तोकिएको मिति भित्र निबेदन प्राप्त हुन नआएमा समेत आवस्यकता र औचित्यको आधारमा पुलमा रहेको दरबन्दी बाट थप हुन जाने विद्यालयमा शिक्षक काजमा खटाउन गाउँपालिकालाई कुनै बाधा नहुने ब्यहोरा समेत जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

निबेदनको ढाँचा

मिति :

श्रीमान् अध्यक्ष ज्यू
मंगला गाउँपालिका,
बाबियाचौर म्याग्दी

विषय: काज सरुवा सम्बन्धमा

महोदय

प्रस्तुत विषयमा तहाँ गाउँपालिकाको मिति २०७७।११।१६ मा प्रकासित सूचना अनुसार म निम्न विद्यालयमा कार्यरत रहेको र कार्यरत रहेको विद्यालयको प्राथमिक तहमा …… दरबन्दी पुलमा रहेकोले शिक्षक दरबन्दी मिलान तथा ब्यबस्थापनको क्रममा मलाई हाल कार्यरत विद्यालयबाट देहाय बमोजिमको विद्यालयमा काजमा सरुवा गरिदिनुहुन अनुरोध गर्दछु । विद्यालय ब्यबस्थापन समितिको काज सरुवा भै जाने सहमति सहितको निर्णयको प्रतिलिपी र विद्यालयको सिफारिस पत्र यसैसाथ संलग्न छ ।

तपशील

| शिक्षकको नाम थर | | कैफियत |
|---|---|---|
| हाल कार्यरत विद्यालय | | |
| हालको तह र श्रेणी | | |
| नियुक्ति मिति | | |
| नियुक्तिको प्रकार | स्थायी/अस्थायी /राहत | |
| शैक्षिक योग्यता | | |
| मूख्य विषय | | |
| नि.मा. तथा मा.तहमा अध्यापन गर्न सक्ने विषय | | |
| सरुवा भै जान चाहेको विद्यालय | | |

निबेदकको नाम थर :
पद :
हस्ताक्षर :
मिति :